आज मिति २०८२।११।१९ गते यस रास्कोट नगरपालिका का नगर प्रमुख श्री धर्मराज शाहीको अध्यक्षतामा बैठक बसी देहायका उपस्थितिको तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. श्री धर्मराज शाही - नगर प्रमुख
२. श्री मानिराज बराल - नगर उपप्रमुख
३. श्रीमत बहादुर थापा - ९ नं वडा अध्यक्ष
४. श्री मतिराम बराल - ८ " "
५. श्री कपुर महतारा - ७ " "
६. श्री कर्ण पर्साल - ६ " "
७. श्रीमत तिरुवा - ५ " "
८. श्री दिनेश संन्याल - ४ " "
९. श्री राजेन्द्र नाथ योगी - ३ " "
१०. श्री ध्रुव राज सिम्खडा - २ " "
११. श्री उदयराज आचार्य - १ " "
१२. श्री भैरे तिरुवा - कार्यपालिका सदस्य
१३. श्री देउली सार्की - " "
१४. श्री गोविन्द्रा विक बुढा " "
१५. श्री रत्नादेवी न्यौपाने " "
१६. श्री प्रेमरा बम शाही " "
१७. श्री तारा वि.क " "
१८. श्री पद्मा योगी " "
१९. श्री पुनम बम शाही " "
२०. श्री जवान सिंह बम प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/अन्य उपस्थिति

श्री खेमराज शाही - वरिष्ठ शिक्षा अधिकृत
श्री विनोद दुवेदी - इन्जिनियर

**प्रस्तावहरु:**

१. योजनाहरुको कार्य प्रगति सम्बन्धमा।
२. छात्रवृत्ति वितरण सम्बन्धमा।
३. करार सेवा नियुक्ति सम्बन्धमा।

**निर्णय नं. १**

**प्रस्ताव नं. १ माथि छलफल गर्दा** यस रास्कोट नगरपालिका अन्तर्गत सञ्चालन भएका प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाको कार्य प्रगति सम्बन्धमा छलफल गर्दा सबै योजनाहरु ८० प्रतिशत प्रगति भएको र उक्त योजनाहरु समयमै सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

**प्रस्ताव नं. २ माथि छलफल गर्दा** यस रास्कोट नगरपालिकाका स्थायी बासिन्दा भएको विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्ने जेहेन्दार गरीब तथा विपन्न छात्रवृत्ति उपलब्धमा गराउनें आर्थिक वर्ष २०८१/०८२ को बजेट नीति तथा कार्यक्रममा व्यवस्था गरे बमोजिम मेयर छात्रवृत्ति व्यवस्थापन समितिले छनोट गरि सिफारिस गरेका रास्कोट नगरपालिका वडा नं. ८ निवासी युनिभर्सल कलेज अफ मेडिकल साईन्स भैरहवा नेपालमा एम.वि.वि.एस. दोस्रो वर्षमा अध्ययनरत छात्र जनकराज बराललाई अध्ययन सहयोग बाफत् रु .५०००००।– (रु.पाँच लाख मात्र) छात्रवृत्ति रकम अध्ययन पश्चात् ६ महिना यस नगरपालिकाको नगर अस्पतालमा स्वास्थ्य सेवा दिने सर्तमा सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

**प्रस्ताव नं. ३ माथि छलफल गर्दा** भौतिक पूर्वाधार तथा प्राविधिक शाखामा खा.प.से.ट असिस्टेन्ट सब-ईन्जिनियर चौथो तहका कार्यरत कर्मचारी गणेश तिरुवाको विविध कारणबस करार सम्झौता नभएकोले मिति २०८२/०१/०१ गते लागु हुने गरि करार सेवालाई निरन्तरता दिने भनि निर्णय गरियो।